तपाईंले कुनै शब्दको हिज्जे वा अर्थ थाहा गर्नको निम्ति शब्दकोशको प्रयोग गर्न सक्नुहुन्छ। शब्दहरूलाई सजिलै पत्ता लगाउन सकियोस् भनेर तिनीहरूलाई वर्णानुक्रम अनुसार मिलाइएको हुन्छ। यस सत्रमा, तपाईंले शब्दकोशलाई कसरी प्रयोग गर्ने र यो किन उपयोगी छ भन्ने विषयमा अध्ययन गर्नुहुनेछ।

**शब्द**
शब्दहरू वर्णानुक्रम अनुसार मिलाएर राखिएका छन्।

**शब्द भेद**
यसले शब्दको प्रकारलाई जनाउँछ।

**पुस्तकालय नाम** पुस्तकहरू, सन्दर्भ सामाग्रीहरू र इन्टरनेटको सुबधिा भएको अध्ययन गर्ने ठाउँ

**परिभाषा**
यसले शब्दको अर्थ बताउँछ।



१. शब्दकोशको विषयमा तपाईंलाई के थाहा छ ?
तपाईंका विचारहरूलाई समुहसँग छलफल गर्नुहोस्।

> शब्दकोशको उद्देश्य के हो, तिनीहरू किन उपयोगी छन् र ती कसरी काम गर्छन् भन्ने विषयहरूमाथि छलफल गर्नुहोस्।



२. पुस्तकालयको वरिपरि हेर्नुहोस् र कुनै दुई वस्तुहरू फेला पार्नुहोस्।
के तपाईंले ती वस्तुहरूको परिभाषालाई शब्दकोशमा भेट्टाउन सक्नुहुन्छ ?



३. जोडी-जोडीमा एउटा खेल खेल्नुहोस्! पालैपालो एउटा शब्दलाई ठुलो स्वरमा भन्नुहोस्। तपाईंको साथीले त्यो शब्दलाई सकेसम्म छिटो शब्दकोशमा भेट्टाउनुपर्छ र त्यसको परिभाषालाई ठुलो स्वरमा बताउनुपर्छ।



४. एउटा शब्दकोशलाई समुहमा पालैपालो गरी सबैकहाँ पुऱ्याउनुहोस्।
त्यसको कुनै एउटा पृष्ठ पल्टाउनुहोस् र सबैजनाले एउटा शब्द छान्नुहोस्।
समुहमा मिलेर यी सबै शब्दहरू प्रयोग गरी एउटा वाक्य बनाउनुहोस्।

> यदि तपाईंको समुह धेरै ठुलो छ भने, तपाईंले वाक्यको सट्टा एउटा अनुच्छेद लेख्न सक्नुहुन्छ। तपाईंले सम्भाव्य वाक्यहरूबारे छलफल गर्न सक्नुहुन्छ वा तिनीहरूलाई लेख्न सक्नुहुन्छ।





५. शब्दकोशको परिभाषाले कुनै शब्द *नामपद, क्रियापद* वा *विशेषण* के हो भन्ने कुरा बताउँछ।
- एउटा *नामपद* लिनुहोस् र त्यसको चित्र बनाउनुहोस्।
- एउटा *क्रियापद* लिनुहोस् र त्यसको अभिनय गरेर देखाउनुहोस्। के समुहले त्यो शब्द कुन हो अनुमान लगाउन सक्छ ?
- एउटा *विशेषण* लिनुहोस् र त्यसलाई वाक्यमा प्रयोग गर्नुहोस्।

> नाम: नाउँ जनाउने शब्द
> क्रिया: काम जनाउने शब्द
> विशेषण: वर्णन गर्ने शब्द

elektra media Published by Elektra Media Ltd
Istambha Nepal